Z8 अ५ौ

**निर्णय नं. १**

नगरपालिका क्षेत्रभित्रका खोला नदीवाट ढुंगा, गिट्टी, वालुवा निकाल्दा आवश्यकताको आधारमा हेभी इक्यूपमेन्ट(डोजर) प्रयोग गर्न मिल्ने गरी प्रारंभीक वातावरणीय प्रभाव मूल्यांकन (IEE) प्रतिवेदन आएमा उक्त मेशिन प्रयोग गर्न मिल्ने गरी निर्णय गर्ने ।

**निर्णय नं. २**

प्यूठान नगरपालिकामा आवश्यक पर्ने तपशिल वमोजिमका कार्यविधि तथा निर्दिशिकाहरु प्यूठान नगरपालिकाको कार्यपालिका वैठकवाट स्वीकृत गर्ने निर्णय गरियो ।

क) प्यूठान नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली २०७९

**ख) पयूठान नगरपालिकाको मध्यमकालिलन खर्च संरचना २०७९/०८०-२०८१/०८२**

ग) घर वाहल कर सम्वन्धी कार्यविधी २०७९

घ) नगरपालिकाको कार्य सञ्चालन निर्देशिका २०७९

ङ) योजना तर्जुमामा युवा सहभागिता निर्देशिका २०७९

**च) विपत पूर्व तयारी प्रतिकार्य योजना २०७९**

छ) विषयगत समिति कार्यविधी २०७९

ज) व्यवसाय कर सम्वन्धी कार्यविधी २०७९

झ) सार्वजनिक जवाफदेहिता सम्वन्धी कार्यविधी २०७९

ञ) सूचना केन्द्र व्यवस्थापन कार्यविधी २०७९

ट) प्यूठान नगरपालिकाको क्षमता विकास योजना २०७९

**निर्णय नं. ३**

प्रदेस सरकारवाट ५० प्रतिशत अनुदानमा प्राप्त सम्पुरक कोष तर्फका प्यूठान नगरपालिकाका निम्न खानेपानी योजनाहरुको २०७९ कार्तिक मशान्तसम्म कार्य अवधीं थप गर्नको लागि आ.व.२०७९/०८० मा अ.ल्या. गर्न नगर सभामा सिफारेस गर्ने निर्णय गरियो ।

<u>निम्न</u>

| | | |
|---|---|---|
| क | मरन्ठानाकोट लिफ्ट खानेपानी योजना प्यूठान न.पा. वडा नं.१० | रु १ करोड |
| ख | थापाडाडा कार्कीडाडा खानेपानी योजना प्यूठान न.पा. वडा नं. ४ | रु ५० लाख |
| ग | ऑपपाटा मजुवा गुरीगाउ खानेपानी योजना प्यूठान न.पा. वडा नं. ४ | रु ५० लाख |

प्रमाणित गर्ने
महेशकुमार मुल्ड
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण गर्ने
विष्णु बहादुर बोमी
नगर प्रमुख

**निर्णय नं. ४**

प्यूठान नगरपालिका वडा नं. १० मा मरन्ठानाकोट लिफ्ट खानेपानी योजना सम्पन्न गर्नको लागि प्यूठान नगरपालिका र जुनतारा कन्स्ट्रक्सन नवलपरासी विच आ.व. २०७७/०७८ मा संझौता भएकोमा हाल उक्त खानेपानी योजना सञ्चालनको लागि मर्मत कार्य गर्नको लागि पटक पटक पत्राचार गर्दा तथा फोन सम्पर्क गर्दा पनि सम्पर्कमा नआएकोले उक्त योजनाको मर्मत कार्यका लागि यस कार्यालयमा राखिएको जुनतारा कन्स्ट्रक्सन नवलपरासीको धरौटी रकमवाट खर्च हुने गरी यस कार्यालय मार्फत उक्त कार्य मर्मत गर्ने निर्णय गरियो ।

**प्रमाणित गर्ने**
**महेशकुमार गुरुङ**
**प्रमुख प्रशासकीय अधिकृत**
**दस्तखत:**
**मिति:**

प्यूठान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिजुवार, प्यूठान
लुम्बिनी प्रदेश, नेपाल

**प्रमाणिकरण गर्ने**
**विष्णु बहादुर योगी**
**नगर प्रमुख**
**दस्तखत:**
**मिति:**